*"संविधान कार्यान्वयनको सार्थकता: हरेक क्षेत्रमा महिला सहभागिता"*

# २६ औं कानुनव्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन सिन्धुलीद्धारा पारित

## सिन्धुली घोषणापत्र २०७४

नेपाल बार एशोसिएशनले आफ्नो स्थापनाकालदेखि नै उठाउँदै आएको लैङ्गिक न्याय सहितको मानव अधिकार, कानुनको शासन र स्वच्छ, निष्पक्ष र स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यता प्रति प्रतिवद्ध हुदै,

नेपालको संविधानको प्रस्तावनाको मर्म र भावना बमोजिम प्रत्याभुत गरिएका विशेषगरी धारा १८, ३८, ४० (७), ४२ का व्यवस्थाहरु क्रमश: समानताको हक अन्तर्गतका लैङ्गिक समानता, सशक्तिकरण र विकास, महिलाको हक, दलित महिलाको समानुपातिक रुपमा न्यायोचित वितरणको हक, समानुपातिक एवम् समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागीता गराउन पर्ने सामाजिक न्यायको हक लगायतका संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक हकहरुको कार्यान्वयनका लागि **"संविधान प्रारम्भ भएको तीन वर्ष भित्र"** कानुन निर्माण गर्नु पर्ने प्रावधानको सार्थकतालाई स्मरण गर्दै,

मौलिक हकको कार्यान्वयनको लागि राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वले निर्दिष्ट गरेका प्रावधान, मान्यता र मापदण्ड अनुरुप राज्यका संयन्त्रहरुको निर्माण हुनु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै,

संविधानले प्रत्याभूत गरेका हक अधिकारहरुलाई वास्तविक रुपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता भएकोले ऐतिहासिक कमलामाइ नगरपालिका सिन्धुलीमा २०७४ साल भाद्र १६ र १७ गते सम्पन्न कानून व्यवसायी महिलाहरुको २६ औं राष्ट्रिय सम्मेलनले गौरवकासाथ यो २६ बुँदे **"सिन्धुली घोषणापत्र २०७४"** जारी गरेको छ ।

### क) संविधान कार्यान्वयन सम्बन्धमा

१. नेपालको संविधानमा भएका नागरिकता, श्रम तथा रोजगारी, स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, वातावरण, वासस्थान लगायतका सामाजिक सुरक्षाका आधारभूत आवश्यकता र अधिकारहरुको कार्यान्वयनको लागि अविलम्व कानुनहरुको निर्माण, संशोधन र परिमार्जन गर्न र कार्यान्वयनका प्रभावकारी संयन्त्र निर्माण गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

२. नागरिकताको सम्बन्धमा वर्तमान संविधानको धारा ११ (३), ११ (५) र ११ (७) मा भएको व्यवस्था नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानुनका दस्तावेजहरु खासगरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (CEDAW), बालबालिका सम्बन्धी महासन्धी (CRC), नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR), आर्थिक, सामाजिक तथा सांस्कृतीक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) तथा प्रथागत मान्यताहरु समेतको प्रतिकुल भई लैङ्गिक असमानता, व्यक्तिको पहिचान एवम् आत्म सम्मान ठेस पुग्ने र राज्यविहीनताको अवस्था समेत सृजना हुने भएकोले नेपाली आमाले आफ्ना सन्तानलाई वंशजको आधारमा निशर्त: नागरिकता प्रदान गर्ने सुनिश्चितता गर्न संविधानका उक्त प्रावधानहरुमा संशोधन गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

३. संविधानको धारा ११(६)मा भएको प्रावधानमा संशोधन गरी दम्पत्तिको समान हक सुनिश्चित गर्न समेत यो सम्मेलन माग गर्दछ ।

४. आमाको नामबाट नागरिकता पाउने स्पष्ट संवैधानिक एवम् कानुनी व्यवस्थाका विपरित तत् सम्बन्धी नेपाल सरकारबाट जारी भएका कार्यनिर्देशिका तथा परिपत्रहरु तत्काल खारेज गरी

संवैधानिक सर्वोच्चताको सम्मान गर्नका लागि यो सम्मेलन जोडदार माग गर्दै यो सम्मेलन सम्बन्धीत निकायहरुको गम्भीर ध्यानाकर्षण समेत गराउँदछ ।

५. महिलाको प्रजनन स्वास्थ्य सहितको प्रजनन सम्बन्धी हकको सम्बन्धमा संवैधानिक एवम् कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट जारी भएका फैसला तथा आदेशहरुको कार्यान्वयनको लागि हाल संसदमा विचाराधीन प्रजनन स्वास्थ्य सम्बन्धी विधेयकलाई व्यक्तिको बाच्न पाउने हक समेतलाई मध्यनजर गरी वृहत छलफल गरी छुट्टै कानुन निर्माण गर्नु पर्ने र स्थानीय तहहरुलाई पूर्वाधार सहितको अधिकार सम्पन्न गर्न प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माण गर्न नेपाल सरकारसँग यो सम्मेलन माग गर्दछ ।

६. आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सिमान्तकृततामा पारिएका वर्गहरुको न्यायमा सहज तथा प्रभावकारी पहुँच सुनिश्चित गर्न सामाजिक कानुनी सहायता (Social Legal Aid) को नविनतम अवधारणालाई समेत आत्मसाथ गर्दै एकिकृत कानुनी सहायता नीति (Integrated Legal Aid Policy) निर्माण गर्न र उक्त नीति निर्माण गर्दा महिला र आर्थिक, सामाजिक तथा सांस्कृतिक एवम् जैविक रुपमा असक्षम पक्षलाई कोर्ट फी मिनाहा गर्ने र निःशुल्क कानुनी सहायता प्रदान गरिएका मुद्दामा तारेखमा छोड्ने अवस्थामा जमानत समेत मिनाहा गर्ने समेतको नीति तथा कानुन निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्नका लागि नेपाल बार एशोसिएशनलाई यो सम्मेलन ध्यानाकर्षण गराउँदछ ।

७. मुद्दाको चाप, अदालतको अधिकार क्षेत्र समेतलाई मध्यनजर गरी वैतनिक कानुन व्यवसायीहरुको संख्या थप गरिनु पर्ने र यथासम्भव कानुन व्यवसायी महिलाको प्रतिनिधीत्वलाई समानुपातिक एवम् समावेशी रुपमा सुनिश्चित गर्ने गरी तत् सम्बन्धी निर्देशिकामा प्रष्ट व्यवस्था गर्नको लागि अविलम्व आवश्यक पहल गर्न सम्बन्धित निकायसँग यो सम्मेलन माग गर्दछ ।

## ख) <u>स्थानीय तह सम्बन्धमा</u>

८. स्थानीय तहको न्यायिक समितिमा अनिवार्य रुपमा कानुन व्यवसायीलाई राख्नु पर्ने, उक्त व्यवस्था गर्दा कानुन व्यवसायी महिलालाई प्राथमिकता दिने व्यवस्था गर्नको लागि यो सम्मेलन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

९. स्थानीय तहको न्यायिक समितिलाई क्रियाशिल बनाउनको लागि संयन्त्र निर्माण सम्बन्धमा कानुनमा नै व्यवस्था गर्नु नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

१०. स्थानीय तह सम्बन्धी ऐन कानुनको अविलम्व निर्माण गरी स्थानीय शासन प्रशासन विधेयक अविलम्व पारित गर्नु पर्ने साथै प्रदेश र संघको निर्वाचन तोकिएको मितिमा नै सम्पन्न गर्नको लागि यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

११. संविधान, ऐन, कानुन तथा अन्तर्राष्ट्रिय कानुन विपरित नेपाल सरकाले स्थानीय तहका नाममा जारी गरेका परिपत्र तथा निर्देशिकाहरुको अध्ययन गरी संविधान, ऐन, कानुन तथा अन्तर्राष्ट्रिय कानुन अनुकुल बनाउन नेपाल बार एशोसिएशनले आवश्यक पहल गर्न यो सम्मेलन माग गर्दछ ।

१२. संविधानमा पारिश्रमिकमा भेदभाव गर्न नहुने भन्ने मौलिक हकको व्यवस्था भएतापनि व्यवहारिक रुपमा श्रममा लैङ्गिक असमानता विकराल रुपमा विद्यमान रहेकै हुँदा यस सम्बन्धमा अनुगमन गर्न नेपाल बार एशोसिएशन महिला समितिको संयोजकत्वमा निगरानी समुह (Watch Dog) गठन गर्न यो सम्मेलन माग गर्दछ ।

१३. श्रम ऐन, वैदेशिक रोजगार ऐन, सामाजिक सुरक्षा ऐन समेतमा अनौपचारिक क्षेत्र र घरेलु श्रम (Unpaid work) मा महिलाको श्रमलाई अवमुल्यन गरिएको हुँदा अन्तर्राष्ट्रिय मापदण्ड र संवैधानिक व्यवस्थाको आधारमा यस्ता क्षेत्रमा हुने श्रमलाई समेत औपचारिकता प्रदान गरि न्यूनतम ज्याला र सुविधाहरुको सुनिश्चितता गरी सबै प्रकारका श्रममा लैङ्गिक समानता कायम गर्नका लागि यो सम्मेलन नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।

१४. संघ, प्रदेश र स्थानीय स्तरका राज्यका निकायहरुमा संचालन गरिने कानुनी साक्षरता र सचेतना अभिवृद्धिका कार्यक्रममा अनिवार्य रुपमा कानुन व्यवसायीहरुलाई प्रशिक्षकको रुपमा राखिनु पर्ने व्यवस्था मिलाउनने सम्बन्धमा नेपाल सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौ ।

## ग) <u>कानुन व्यवसायी महिलाहरुको सहभागीता र पेशागत हक सम्बन्धमा</u>

१५. संवैधानिक निकाय तथा निर्माण हुने आयोगहरुमा महिलाको समावेशी र समानुपातिक सहभागिता सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्नुका साथै नेपाल बार एशोसिएशनका सम्पुर्ण एकाइ अन्तर्गतका महिला समितिहरुको क्रियाशिलता बढाउन नेपाल बारले विषेश पहल गर्न यो सम्मेलन माग गर्दछ ।

१६. महिलासँग सम्बन्धित विषयमा कानुन तथा नीति निर्माण गर्दा राज्यका संबन्धित निकायहरुले नेपाल बार एशोशिएशनसँग समन्वय गरी कानुन व्यवसायी महिलाहरुसँग सहभागीतामूलक सहकार्य गर्नका लागि यो सम्मेलन आव्हान गर्दछ ।

१७. जिल्ला कानुनी सहायता समितिमा कानून व्यवसायी महिलाहरुको अनिवार्य सहभागीता सुनिश्चित गर्नु पर्ने साथै समितिको कर्मचारीको व्यवस्था गर्दा महिलालाई प्राथमिकता दिन यो सम्मेलन माग गर्दछ ।

१८. नवोदित कानुन व्यवसायी महिलाहरुको शिप, दक्षता र क्षमता अभिवृद्धि र सुदृढीकरणको लागि विना धितो निर्व्याजी ऋण दिलाउन नेपाल बार एशोसिएशनले पहल गर्न यो सम्मेलन माग गर्दछ ।

१९. नेपाल बार एशोसिएशन र कानुन व्यवसायी परिषदद्वारा प्रदान गरिने व्यवसायीक तालिममा व्यवहारिक एवम् प्रयोगात्मक ज्ञान सम्बन्धी पाठ्यक्रम निर्माण गर्नका लागि कानुनको अध्ययन अध्यापन गराउने विश्व विद्यालय अन्तर्गतका कानुनका कलेजहरुसँग परामर्श, सहकार्य र समन्वय गर्दै नेपाल बार एशोसिएशनले पहल गर्न यो सम्मेलन माग गर्दछ ।

## घ) <u>विविध</u>

२०. राज्यका निकायमा हुने सम्पूर्ण निर्वाचनमा पर्यवेक्षकको रुपमा कानुन व्यवसायी महिलाको समानुपातिक समावेशी सहभागीता सुनिश्चित गर्न नेपाल बार एशोसिएशनले सम्बन्धित बार एकाइ र सम्बन्धीत निकायमा समन्वय गर्न यो सम्मेलन माग गर्दछ ।

२१. अदालतबाट भ्रष्टाचारको कसुरमा सजाय पाएका व्यक्ति कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी निर्वाचन ऐनमा संसोधन गर्न यो सम्मेलन माग गर्दछ ।

२२. आर्थिक सम्वृद्धि, शिक्षा, रोजगार र पैतृक सम्पत्तिमा लैङ्गिक समानता, विकास र सशक्तिकरणको सुनिश्चितता नभएसम्म प्रस्तावित देवानी संहिता विधेयकमा राखिएको इच्छापत्र (Will System) सम्बन्धी व्यवस्थाले पितृसत्तात्मक संरचनालाई प्रवर्द्धन गर्न सक्ने खतरालाई मध्यनजर गर्दै हाललाई अंशवण्डा सम्बन्धी अधिकारलाई नै निरन्तरता दिनका लागि यो सम्मेलन माग गर्दछ ।

२३. मानविय र प्राकृतिक प्रकोपबाट पुग्न गएको जनधनको क्षतिप्रति यो सम्मेलन संवेदनशिल रहदै तत् सम्बन्धमा महिला बालबालिका र सिमान्तकृत वर्ग लगायतका व्यक्तिहरुको कानुनी समस्या पहिल्याई न्यायमा पहुँचको अवस्थालाई स्थानीय बारको संयोजकत्वमा आवश्यक अनुसन्धान, अनुगमन र कानुनी सहायता प्रदान गर्ने व्यवस्था मिलाउन नेपाल बास एशोसिएशनसँग यो सम्मेलन माग गर्दछ ।

२४. संक्रमणकालीन न्याय संयन्त्र गठन भई आयोगहरुले आफ्नो काम कारवाही शुरु गरेको वर्तमान अवस्थामा पीडितको सत्य, न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न आयोगका काम कारवाहीमा लैङ्गिक मैत्री तथा लैङ्गिक संवेदनशिलता खासगरी द्वन्द्वपीडित महिलाका विशेष अधिकार र आवश्यकतालाई यथाशिघ्र यथोचित संवोधन गर्न नेपाल बार एशोसिएशन मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन यो सम्मेलन माग गर्दछ ।

२५. उपभोक्ता सम्बन्धी ऐनमा उपभोक्ता अदालतको व्यवस्था गर्दै क्षेत्राधिकार, हदम्याद, क्षतिपूर्ति र कोष समेतको व्यवस्था गर्नु पर्ने साथै यो ऐनलाई लैङ्गिक न्यायका दृष्टिकोण समेतले परिमार्जन तथा संशोधन गरी कार्यान्वयनमा ल्याउनका लागि नेपाल बार एशोसिएशनले पहल गर्नका लागि यो सम्मेलन माग गर्दछ ।

२६. कानुन व्यवसायी महिलाहरुको हालसम्म सम्पन्न भएका राष्ट्रिय सम्मेलनद्वारा पारित घोषणा पत्रहरुको कार्यान्वयनको प्रगति विवरण सहितको संग्रहित दस्तावेज तयार गरी तत् सम्बन्धमा भएको कार्यान्वयनको अवस्थाको अनुगमन गर्न नेपाल बार एशोसिएशन महिला समितीको संयोजकत्वमा समिति गठन गर्नको लागि यो सम्मेलन जोडदार माग गर्दछ ।

## घोषणापत्र तयारी समिति

१. वरिष्ठ अधिवक्ता गीता पाठक संग्रौला
२. वरिष्ठ अधिवक्ता गीता अर्याल
३. अधिवक्ता शान्तीदेवी खनाल
४. अधिवक्ता विनिता कार्की
५. अधिवक्ता लक्ष्मी पोखरेल
६. अधिवक्तासरस्वती श्रेष्ठ
७. अधिवक्ता कविता थापा
८. अधिवक्ता रमा श्रेष्ठ
९. अधिवक्तासानु शाक्य
१०. अधिवक्ता शान्ति मोदी
११. अधिवक्ता किरण शाह
१२. अधिवक्ता पुष्पालक्ष्मी श्रेष्ठ
१३. अधिवक्ता माधवी पाण्डे
१४. अधिवक्ता विमला ज्ञवाली
१५. अधिवक्ता शोभा बुढाथोकी
१६. अधिवक्ता फुलमाया रानाभाट
१७. अधिवक्ता शुसिला थिङ
१८. अधिवक्ता हिमादेवी वस्नेत
१९. अधिवक्ता यमुना के.सी.
२०. अधिवक्ता लक्ष्मी खड्का
२१. अधिवक्ता लक्ष्मी चौधरी